संक्षिप्त वार्षिक आर्थिक विवरण
आर्थिक वर्ष २०७५/०७६

बिषय सूचि **पाना नं.**

१. बार्षिक साधारण सभा बस्ने सूचना	१
२. संक्षिप्त वार्षिक आर्थिक विवरण	३
३. लेखापरीक्षकको प्रतिवेदन	५
४. वासलात (२०७६ आषाढ)	७
५. नाफा-नोक्सान हिसाव (२०७५श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्म)	८
६. नाफा-नोक्सान वांडफाँड हिसाव	९
७. प्रोक्सी फारम (प्रतिनिधी पत्र)	१०
८. प्रवन्ध-पत्रमा हुने संशोधन	११

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड
Shree Investment and Finance Co. Ltd

केन्द्रीय कार्यालय : डिल्लीबजार, गुरुजुको चौर, पोष्ट बक्स नं. १०७१७ काठमाण्डौ ।
फोन: ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्स:९७७-१-४४२१७७९
E-mail : info@shreefinance.com.np

शाखा कार्यालयहरु : बिराटनगर, मोरङ्ग - ०२१ ५२३०९२ । भैरहवा, सिद्धार्थनगर - ०७१ ५२६५०७ ।
तौलिहवा, कपिलबस्तु - ०७६ ५६११९७ । रजहर, देवचुली - ०५८ ५४५३७२ । डण्डा, कावासोती - ०५८ ४१८००२ ।
ओदारी,बाणगंगा - ०७६ ४१००३६ । हर्कपुर, गैडाकोट - ०५८ ४०३१०३ श्रीनगर, सल्यान - ०८८-४००११५ ।
सोलावाङ्ग, रुकुम (पश्चिम) - ०८८-४२००३८ । बुढानिलकण्ठ, हातीगौडा-८, - ०१-४३७९१३८ ।
महालक्ष्मी-४, इमाडोल - ०१-५२०११४७ । काठमाण्डौं, चाबहिल-७ - ०१-४४८७२२५

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडको
पच्चिसौं वार्षिक साधारणसभा बस्ने सूचना

यस कम्पनीको मिति २०७६ मंसिर ०५ गते बसेको सञ्चालक समितिको २८६औं बैठकको निर्णय अनुसार यस कम्पनीको २५औं वार्षिक साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुदा सम्बन्धित शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागी अनुरोध गर्दछौं ।

साधारणसभा बस्ने मिति, स्थान तथा समय

मिति :- वि.स. २०७६ साल पौष ११ गते शुक्रबार (तदनुसार डिसेम्वर २७, २०१९) ।

स्थान :- आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाण्डौं ।

समय :- बिहान १० :०० बजे (उपस्थिती पुस्तीका बिहान ९ :३० बजे देखी खुला रहनेछ)

छलफलका बिषयहरु :-

(क) साधारण प्रस्ताव

१) आ.व. २०७५/७६ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको बासलात तथा मिति २०७५।०४।०१ देखि २०७६।०३।३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह बिवरण लगायतका बित्तीय विवरणहरु र नेपाल बित्तीय प्रतिवेदन मान (NFSR) बमोजिम तयार गरिएको बार्षिक बित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने

३) लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (बर्तमान लेखापरीक्षक T.R. Upadhya & Co. पुनः नियुक्तीका लागी योग्य रहनु भएको जानकारी गराईन्छ) ।

४) सञ्चालक समितिबाट प्रस्ताव गरिएको हालको चुक्ता पूँजीको १०.६५% ले हुन आउने रु. ८,६२,६५,०००/- बराबरको नगद लाभांश (लाभाँश कर प्रयोजनार्थ समेत) बितरण गर्न स्वीकृत गर्ने ।

(ख) बिशेष प्रस्ताव

१) सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार हालको चुक्ता पूँजीको २.३५% ले हुन आउने रु. १,९०,३५,०००/- बरावरको बोनश शेयर बितरण गर्न स्वीकृत प्रदान गर्ने ।

२) बोनश शेयर बितरणबाट कम्पनीको साविक जारी तथा चुक्ता पूँजी रु. ८१,००,००,०००/- लाई बृध्दि गरि रु. ८२,९०,३५,०००/- (अक्षरेपी बयासी करोड नव्वे लाख पैंतिस हजार मात्र) कायम हुने गरि प्रवन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्न स्विकृत गर्ने ।

३) उपरोक्त प्रस्ताव बमोजिम कम्पनीको प्रबन्धपत्रमा शंसोधन गर्न नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४) यस बित्तीय संस्था अन्य कुनै उपयुक्त बैंक/बित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गभिने (Merger) वा यस संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याँकन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मूल्याँकन कर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ती गर्ने सम्बन्धि समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रकृया पुरा गरि सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा प्राप्ती गर्ने सम्बन्धी कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

द्रष्टब्य : कम्पनीको पच्चिसौं बार्षिक साधारण सभालाई ध्यानमा राखी कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०७६।०९।०१ देखि २०७६।०९।१० सम्म बन्द रहने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) शेयरधनी महानुभावहरुलाई शेयर लगत कितावमा कायम रहेको ठेगानामा संक्षिप्त वार्षिक आर्थिक विवरण पठाईने छ ।

२) बार्षिक साधारणसभामा भाग लिन/मतदान गर्न ईच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्रमा उल्लेखित परिचय पत्र नम्वर/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण वा परिचय खुल्ने अन्य कुनै प्रमाण साथ लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिन्छ ।

३) साधारणसभामा भाग लिन/मतदान गर्नकालागी प्रोक्सी ल्याउने व्यक्ति यस कम्पनीको शेयरधनी मध्येबाटै हुनु पर्नेछ । प्रोक्सी (प्रतिनिधीपत्र) साधारणसभा हुनुभन्दा ७२ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालयमा दाखिल भैसकेको हुनु पर्नेछ ।

४) कुनै व्यक्तिले एक भन्दा बढी व्यक्तिलाई प्रोक्सी दिएको भए रितपूर्वकको पहिलो दर्ता हुन आएको प्रोक्सी सदर गरी अरु प्रोक्सी रद्द हुनेछ ।

५) प्रतिनिधी नियुक्त गरी सक्नु भएको शेयरधनी साधारणसभामा आफै उपस्थित भए निजले दिएको प्रोक्सी (प्रतिनिधीपत्र) स्वतः बदर हुनेछ ।

६) छलफलको बिषय अन्तर्गत विविध शीर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको बिषयवारे साधारणसभा हुनुभन्दा कम्तिमा सात दिन पहिले कम्पनीको केन्द्रीय कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

७) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तब्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनु हुनेछ ।

८) अन्य आवश्यक जानकारीकोलागि यस कम्पनीको केन्द्रिय कार्यालय, डिल्लीबजार काठमाण्डौंमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

द्रष्टब्य : कम्पनी ऐन २०६३ अनुसारको बार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण गर्न वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको केन्द्रीय कार्यालयबाट उपलब्ध गराउन सकिने लगायत कम्पनीको वेभसाइट www.shreefinance.com.np मा समेत राखिएको व्यहोरा जानकारी गराईन्छ ।

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड डिल्लीबजार, काठमाण्डौं ।

संक्षिप्त वार्षिक आर्थिक विवरणः आ.व २०७५/०७६

नोटः प्रस्तुत संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गर्नु पर्ने कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो ।

आदरणिय शेयरधनी महानुभावहरु

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडको पच्चिसौं वार्षिक साधारण सभामा प्रस्तुत हुने आर्थिक बर्ष २०७५/०७६ को आषाढ मसान्तसम्मको वासलात तथा २०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाव लगायत कम्पनीको कारोवारको संक्षिप्त विवरण र गत आर्थिक वर्षसंग सम्बन्धित मुख्य मुख्य कारोवारको तुलनात्मक स्थिति देहाय बमोजिम रहेको जानकारी गराउदै प्रतिवेदन तयार हुँदासम्म चालू आर्थिक वर्षको उपलब्धि र भविष्यको काम कारवाहीको सम्बन्धमा सञ्चालक समितिको धारणा देहाय अनुसार रहेको जानकारी गराँउदछौं ।

१) बिगत वर्षसंगको मुख्य कारोबारको तुलनात्मक स्थिती

कम्पनीको बिगत २ (दुई) बर्षको प्रमुख वित्तीय परिसूचकहरु देहाय अनुसार रहेको छ ।

(रु. लाखमा)

विवरण	आ.व. २०७५/०७६	आ.व. २०७४/०७५	घटवढ (%)
चुक्ता पूँजी	८१,००	८१,००	-
निक्षेप	४,६३,६९	३,७१,९५	२४.६७
कर्जा सापट	४,२८,८९	३,५६,२१	२०.४०
कुल आम्दानी	७०,६५	५५,१७	२८.०६
कुल खर्च	५२,११	४१,६२	२५.२०
सञ्चालन मुनाफा	१८,८१	१३,५४	३८.९२
लाभाँश वितरण (प्रस्तावित)*	१०,५३*	८,००	३१.६२
गैर बैकिङ्ग सम्पत्ती	१०	१०	-

आर्थिक बर्ष २०७४/०७५ को तुलनामा यस आर्थिक बर्षको अन्त्यमा कम्पनीको निक्षेप २४.६७ प्रतिशतले तथा कर्जा सापट २०.४० प्रतिशतले बढेको छ । संस्थाको कुल आम्दानी तथा खर्च गत बर्षको तुलनामा क्रमशः २८.०६ तथा २५.२० प्रतिशतले बढेको छ । संचालन मुनाफा यस बर्ष रु. १८.८१ करोड भई लाभाँश बितरणको लागी रु. १०.५३ करोड प्रस्ताव गरिएको छ ।

२. प्रतिवेदनको मितिसम्म चालू आ.व.को उपलब्धी र भविष्यका सम्बन्धमा सञ्चालक समितिको धारणा

चालु आर्थिक बर्ष २०७६/०७७ को कार्तिक मसान्तसम्म कम्पनीको निक्षेप ४ अर्ब ७४ करोड तथा कर्जा सापट ४ अर्ब ४४ करोड भई आषाढ मसान्तको तुलनामा क्रमश २.३८ प्रतिशत तथा ३.७४ प्रतिशतले बढेको छ ।

कतिपय प्रतिकुल अवस्था लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिले सृजना गरेको अन्यौल एवं कर्जाको माग अनुत्पादक क्षेत्रमा बढी हुने र तरलतामा यदाकदा देखिने संकटले निक्षेपमा आशातित सुधार हुन नसक्दा कर्जामा समेत अपेक्षा गरिए अनुरुप बृध्दि हुन सकेको छैन । कर्जा लगानीका क्षेत्रहरु खुम्चिदै जादा केहि असहजता पैदा भइरहेको छ । यस्तो परिस्थितिमा पनि कम्पनीले बिगत बर्षहरु झै यस बर्ष पनि केहि प्रतिफल दिन सक्नु निश्चय पनि सन्तोषको विषय रही आएको छ ।

नेपाल राष्ट्र बैकले राष्ट्रिय स्तरको "ग" वर्गको वित्तीय संस्थाकोलागि तोकेको चुक्ता पूँजी हाल पुगी सकेको अवस्था रहेको छ। यस वर्ष पनि नेपाल राष्ट्र बैकबाट स्थलगत तथा गैर स्थलगत निरीक्षणहरु भएको छ। उक्त बैंकबाट भएको निरीक्षणको क्रममा पूँजीकोष लगायत अन्य नीतिगत व्यवस्था सम्बन्धि निर्देशनहरु कम्पनीबाट पालना भएको व्यहोरा समेत शेयरधनी महानुभावहरुलाई जानकारी गराँउदछौं ।

आर्थिक वर्ष २०७५/७६ मा काठमाडौ जिल्ला भित्र चावहिल तथा हात्तीगौडा (बुढानिलकण्ठ) लगायत ललितपुर जिल्लाको इमाडोलमा शाखा कार्यालय खोलि कारोबार सञ्चालन गरि सकिएको छ । हाल कम्पनीको केन्द्रीय कार्यालय सहित १३ वटा शाखाबाट बैंकिंग कारोबार भई रहेको छ । भविष्यमा शाखा बिस्तारको कार्यलाई अझै प्राथमिकताकासाथ अधि बढाईने लक्ष्य रहेको छ ।

कम्पनीले निक्षेप संकलनका लागि नयाँ-नयाँ योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने लगायत उत्पादनमुलक क्षेत्रमा कर्जा बिस्तारलाई अझै प्रभावकारी बनाउदै लैजाने नीति लिएकोछ । आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासनलाई अझ बढि शशक्त बनाउने तथा कर्मचारीहरुको दक्षता अभिबृद्धिकोलागि आवश्यक तालिम तथा गोष्ठिहरुमा सहभागीता बढाउदै लैजाने र निक्षेपकर्ताको रकम सुरक्षाकालागी IT बिभागलाई अझै प्रभावकारी रुपमा संचालन गर्ने गराउने गरि कार्य गरिनेछ ।

PKF T. R. Upadhya & Co.

PKF

INDEPENDENT AUDITOR'S REPORT

To the Shareholders of Shree Investment & Finance Co. Ltd.

Report on the Audit of the Financial Statements

Opinion

We have audited the financial statements of Shree Investment & Finance Co. Ltd. (referred to as the "Company"), which comprise the statement of financial position as at 31 Ashad 2076 (16 July 2019), and the statement of profit or loss, statement of comprehensive income, statement of cash flows, statement of changes in equity for the year then ended and notes to the financial statements, including summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, the financial position of the Company as at 31 Ashad 2076 (16 July 2019), its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

Basis for Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with ICAN's Handbook of Code of Ethics for Professional Accountants, and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NFRSs, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

Auditor's Responsibility for Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Company's internal control.

T.R. UPADHYA & CO. Chartered Accountants

- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease to continue as a going concern.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

Report on the Other Legal and Regulatory Requirements`

We have obtained information and explanations asked for, which, to the best of our knowledge and belief, were necessary for the purpose of our audit. In our opinion, statement of financial position, statement of profit or loss, statement of comprehensive income, statement of changes in equity and statement of cash flows, have been prepared in accordance with the requirements of the Companies Act, 2063 and are in agreement with the books of account maintained by the Company and proper books of account as required by law maintained by the Company including relevant records relating to preparation of the aforesaid financial statements have been kept so far as it appears from our examination of those books and records of the Company.

In our opinion, so far as appeared from our examination of the books, the Company has maintained adequate capital funds and adequate provisions for possible impairment of assets in accordance with the directives of Nepal Rastra Bank.

To the best of our information and according to explanations given to us and so far appeared from our examination of the books of account of the Company, we have not come across cases where Board of Directors or any employees of the Company have acted contrary to the provisions of law relating to the accounts, or committed any misappropriation or caused loss or damage to the Company and violated any directives of Nepal Rastra Bank or acted in a manner to jeopardize the interest and security of the Company, its depositors and investors.

Sanjeev Kumar Mishra
Partner

T R Upadhya & Co.
Chartered Accountants

124 Lal Colony Marg, Lal Durbar, Kathmandu, Nepal
Date: 3 October 2019

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड
वित्तीय अवस्थाको विवरण (वासलात)
२०७६ आषाढ ३१ (सन् २०१९ जुलाई १६)

रकम रु.

	नोट	आषाढ मसान्त २०७६	आषाढ मसान्त २०७५
सम्पत्ति			
नगद तथा नगद समान	४·१	१,०९२,६३४,१०४	१,०१२,२७५,९११
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिन् पर्ने रकम	४·२	१८७,०८९,२४५	८६,७८१,३३६
बैंक तथा वित्तीय संस्थामा मौज्दात	४·३	-	-
व्युत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	४·४	-	-
अन्य व्यापारिक सम्पत्तिहरु	४·५	-	-
बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी	४·६	१८३,६४५,०००	१२९,१९५,०००
ग्राहकलाई दिएको कर्जा तथा सापटी	४·७	४,०९२,५५८,३३९	३,४२३,९८२,३४१
धितोपत्रमा लगानी	४·८	३१९,०३०,०७२	२१८,६७३,८९५
चालु कर सम्पत्ति	४.९	३१८,७९१	६०,१७६
सहायक संस्थामा लगानी	४·१०	-	-
सम्बद्ध संस्थामा लगानी	४·११	-	-
सम्पत्तिमा लगानी	४·१२	-	-
सम्पत्ति तथा उपकरण	४·१३	११२,४६५,१७१	१०१,२१५,७३३
गुडवील (ख्याती) र अर्मुत सम्पत्ति	४·१४	१,६२९,४५८	१,९५६,६६२
स्थगन कर सम्पत्ति	४·१५	-	-
अन्य सम्पत्तिहरु	४·१६	६,९०८,२२४	९,७४९,२९७
कुल सम्पत्ति		**५,९९६,२७८,४०५**	**४,९८३,८९०,३५१**
दायित्व			
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	४·१७	४२०,४७३,८६७	२७७,००४,२०१
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	४·१८	६६,८३५,१५४	१८,५९५,३५३
व्युत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	४·१९	-	-
ग्राहकको निक्षेप	४·२०	४,३१५,२८८,६९६	३,५७८,५२५,४८३
सापटी	४·२१	-	-
चालु कर दायित्व	४·९	-	-
व्यवस्था	४·२२	-	-
स्थगन कर दायित्व	४·१५	६,०७२,४६९	७,१४३,२६८
अन्य दायित्व	४·२३	६६,४४८,६७९	३७,९८४,२४६
जारी गरिएको ऋणपत्र	४·२४	-	-
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व	४·२५	-	-
कुल दायित्व		**४,८७५,११८,८६५**	**३,९१९,२५२,५५२**
इक्विटी			
शेयर पूँजी	४·२६	८१०,०००,०००	८००,१५०,०००
शेयर प्रिमियम		-	-
संचित मुनाफा		१०६,३४०,२९१	८९,३१६,३९०
जगेडा कोषहरु	४·२७	२०४,८१९,२४८	१७५,१७१,४०९
शेयरधनीहरुलाई बाँडफाड योग्य कुल इक्विटी		**१,१२१,१५९,५४०**	**१,०६४,६३७,७९९**
गैर नियन्त्रित स्वार्थ		-	-
कूल इक्विटी		**१,१२१,१५९,५४०**	**१,०६४,६३७,७९९**
कूल दायित्व र इक्विटी		**५,९९६,२७८,४०५**	**४,९८३,८९०,३५१**
संभावित दायित्व तथा प्रतिवद्धता	४·२८	३७,३२३,६९४	४४,९८२,६१९
प्रति शेयर खुद सम्पत्ति		१३८·४१	१३३·०५

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड
नाफा/नोक्सान हिसाब
१ श्रावण २०७५ देखि ३१ आषाढ २०७६ सम्म (१७ जुलाइ २०१८ देखि १६ जुलाइ २०१९ सम्म)

रकम रु.

	नोट	यस वर्ष	गत वर्ष
ब्याज आम्दानी	४.२९	६६६,३४६,४९८	५०९,१७१,७३७
ब्याज खर्च	४.३०	४०७,८१८,९९८	३१९,९००,८३५
खुद ब्याज आम्दानी		**२५८,५२७,५००**	**१८९,२७०,९०२**
शूल्क तथा कमिसन आम्दानी	४.३१	३७,०३२,२७६	३९,१५२,९००
शूल्क तथा कमिसन खर्च	४.३२	४०,२९५	२२,५२५
खुद शुल्क र कमिसन आम्दानी		**३६,९९१,९८१**	**३९,१३०,३७५**
खुद ब्याज, शूल्क र कमिसन आम्दानी		**२९५,५१९,४८०**	**२२८,४०१,२७७**
खुद कारोबार आम्दानी	४.३३	-	-
अन्य सञ्चालन आम्दानी	४.३४	३,१३९,४०१	३,४००,५१९
कुल सञ्चालन आम्दानी		**२९८,६५८,८८२**	**२३१,८०१,७९६**
कर्जा तथा अन्य हानीको नोक्सानी व्यवस्था/(फिर्ता)	४.३५	७,३८७,९५९	५,५५६,२५९
खुद सञ्चालन आम्दानी		**२९१,२७०,९२२**	**२२६,२४५,५३७**
सञ्चालन खर्च			
कर्मचारी खर्च	४.३६	६२,१०९,२३८	५३,९९०,३०७
अन्य सञ्चालन खर्च	४.३७	३४,२९६,५१८	२८,६५६,५३७
ह्रास कट्टी/परिशोधन	४.३८	६,७६४,०४५	८,१३२,३५६
सञ्चालन मुनाफा		**१८८,१०१,१२१**	**१३५,४६६,३३६**
गैर सञ्चालन आम्दानी	४.३९	-	-
गैर सञ्चालन नोक्सानी	४.४०	२,७०८,५३९	-
आयकर अघिको मुनाफा		**१८५,३९२,५८२**	**१३५,४६६,३३६**
आयकर खर्च	४.४१		
चालु कर		५५,३९०,७५२	३९,७४३,६६८
स्थगन कर		७५,५६१	(८८१,६४०)
यस अवधिको नाफा		**१२९,९२६,२६९**	**९६,६०४,३०९**
नाफा बाँडफांड			
संस्थाको शेयरधनी		१२९,९२६,२६९	९६,६०४,३०९
गैर नियन्त्रित स्वार्थ		-	-
यस अवधिको लागि मुनाफा		**१२९,९२६,२६९**	**९६,६०४,३०९**
प्रति सेयर आम्दानी			
प्रति सेयर आधारभूत आम्दानी		१६.०४	१२.८०
प्रति सेयर डाइलुटेड आम्दानी		१६.०४	१२.८०

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड
वितरण योग्य नाफा/नोक्सान सम्बन्धी विवरण
२०७६ आषाढ मसान्त (सन् २०१९ जुलाई १६)

विवरण	यस बर्ष रु.	गत बर्ष रु.
श्रावण १, २०७५ मा संचित मुनाफाको मौज्दात	८९,३१६,३९०	१७६,२४२,७५१
वोनश शेयर निष्काशन	(९,८५०,०००)	(१६७,९७८,५६८)
नगद लाभांश भुक्तानी	(७०,१६५,०००)	-
अन्य समायोजन	-	५,८०३,४३५
श्रावण १, २०७५ मा संचित मुनाफाको समायोजीत/पुनः स्थापित मौज्दात	**९,३०१,३९०**	**१४,०६७,६१८**
नाफा नोक्सान विवरण अनुसार खुद नाफा/(नोक्सान)	**१२९,९२६,२६९**	**९६,६०४,३०९**
विनियोजन :		
क) साधारण जगेडा कोष	**(२५,९८५,२५४)**	**(१८,३५३,९०६)**
ख) सटही घटबढ कोष	-	-
ग) पूजी फिर्ता कोष	-	-
घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष	(१,२९९,२६३)	(९१७,६९५)
ङ) कर्मचारी तालिम कोष	-	-
च) अन्य		
-स्थगन कर कोष	७५,५६१	(१,३०४,०५८)
-लगानी समायोजन कोष	-	(७७९,८७७)
-सेयर प्रिमियम	-	-
नियमकारी समायोजन अघिको नाफा/(नोक्सान)	**११२,०१८,७०३**	**८९,३१६,३९०**
नियमकारी समायोजन :		
क) प्राप्त हुने ब्याज(-)/अघिल्लो आर्जित ब्याज प्राप्त भएको (+)	(१,२९२,१५३)	-
ख) कम कर्जा जोखिम व्यवस्था (-)/फिर्ता (+)	-	-
ग) लगानीको सम्भावित जोखिम वापत व्यवस्था (-)/फिर्ता (+)	(४,३८६,२५९)	-
घ) गैर बैंकिङ सम्पतिमा कर्जा जोखिम व्यवस्था (-)/फिर्ता (+)	-	-
ङ) स्थगन कर सम्पति पहिचान (-)/फिर्ता (+)	-	-
च) गुडविल पहिचान (-)/गुडविलको हानी (+)	-	-
छ) मोलतोल खरिद लाभ पहिचान (-)/फिर्ता (+)	-	-
ज) बिमांकिक नोक्सान पहिचान (-)/फिर्ता (+)	-	-
झ) अन्य (+/-)	-	-
- ऋण धितोपत्रहरु परिसोधन लागतमा पहिचान	-	-
- अन्य जगेडा	-	-
- उचित मूल्य जगेडा	-	-
वितरण योग्य नाफा/नोक्सान	**१०६,३४०,२९१**	**८९,३१६,३९०**

प्रोक्सी फाराम (प्रतिनिधी पत्र)

श्री सञ्चालक समिति
श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड
डिल्लीबजार, काठमाडौं

बिषयः प्रतिनिधी नियुक्त गरेको सम्बन्धमा ।

महोदय,

..... जिल्ला ..... महा/उप–महा/नगरपालिका/गा.पा. वडा नं. ..... बस्ने म/हामी ..... त्यस वित्तीय सस्थाको शेयरधनीको हैसियतले मिति २०७६/०९/११ गते शुक्रवारका दिन हुन लागेको पच्चिसौं वार्षिक साधारण सभामा स्वयँ उपस्थित भई छलफल तथा निर्णयमा सहभागि हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट सभामा भाग लिनका लागि ..... जिल्ला..... महा/उप–महा/नगर पालिका/गा.पा. वडा नं. ..... बस्ने त्यस वित्तीय सस्थाका शेयरधनी श्री ..... शेयर धनी नं./हितग्राही खाता नं ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधी नियुक्त भएको व्यक्तिको

नामः

हस्ताक्षर नमुना

शेयर प्रमाण–पत्र वा परिचय नं.:

निवेदकको नाम : .....

दस्तखतः .....

ठेगानाः .....

हितग्राही खाता नं./शेयर धनी नं.: .....

मितिः २०७६/...../.....

(द्रष्टव्यः यो निवेदन सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय डिल्लीबजार, काठमाडौंमा पेश गरिसक्नु पर्नेछ ।)

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड
प्रवेश पत्र

शेयरधनीको नामः ..... डिम्याट नं./ शेयरधनी नंः .....

शेयर प्रमाण पत्र नम्वर ..... शेयर सख्या .....

शेयरधनीको दस्तखतः .....

(मिति २०७६ पौष ११ गते शुक्रवार हुने श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडको पच्चिसौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र)

द्रष्टव्यः

१. शेयरधनीहरुले माथि उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहोला ।

२. सभा कक्षमा प्रवेशपत्र प्रस्तुत गर्न अनिवार्य छ ।

कम्पनी सचिव

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडको प्रवन्ध पत्रमा हुने शंसोधन

हालको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्ने कारण
दफा ५ खण्ड (ख) वित्तीय संस्थाको जारी पूँजी रु. ८१,००,००,०००/(अक्षरेपी एकासी करोड मात्र) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१००।- दरका ८१,००,००० (एकासी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।	**दफा ५ खण्ड (ख)** वित्तीय संस्थाको जारी पूँजी रु. ८२,९०,३५,०००/(अक्षरेपी बयासी करोड नव्वे लाख पैंतिस हजार मात्र) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१००।- दरका ८२,९०,३५० (बयासी लाख नव्वे हजार तिनसय पचास) थान साधारण शेयरमा विभाजन गरिएको छ।	बोनश शेयर वितरण पश्चात वित्तीय संस्थाको जारी पूँजी बृद्धि हुने भएकोले।
दफा ५ खण्ड (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ८१,००,००,०००/(अक्षरेपी एकासी करोड मात्र) हुनेछ।	**दफा ५ खण्ड (ग)** वित्तीय संस्थाको चुक्ता पूँजी रु. ८२,९०,३५,०००/- (अक्षरेपी बयासी करोड नव्वे लाख पैंतिस हजार मात्र) हुनेछ।	बोनश शेयर वितरण पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी बृद्धि हुने भएकोले।